(घ) प्रस्तावको मूल्याङ्कन गरी योग्य प्रस्तावकको छनौट गर्ने,

(ङ) प्रस्ताव स्वीकृत गर्ने,

(च) छनौट भएको प्रस्तावकसँग आयोजना सम्झोता गर्ने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि रु एक करोड रुपैयाँभन्दा कम अनुमानित आयोजना लागत भएका आयोजनाहरुको हकमा योग्यता सम्बन्धी दरखास्त र प्रस्ताव सम्बन्धी विवरणहरु छुट्टाछुट्टै खाममा एकै चरणमा माग गर्न सकिने छ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वदेशी लगानीकर्ताको हकमा रु दुई अरबभन्दा बढी र विदेशी लगानीकर्ताको हकमा रु पाँच अरबभन्दा बढी लगानी गर्ने पर्यटन, स्वास्थ्य, शिक्षा, संचार, कृषि, वैकल्पिक उर्जा, सौर्य उर्जा, जल विद्युत, खानीसँग सम्बन्धित उद्योग व्यवसायको लागि प्रस्ताव आएमा त्यस्तो प्रस्ताव समितिलाई उचित लागेमा समितिले विना प्रतिष्पर्धा करार सम्झौता गरी छनौट गर्न सक्नेछ ।

**१७. मनसायपत्र आव्हान गर्न सक्ने :** (१) सानिसा इकाईले दफा १६ बमोजिम स्वीकृत आयोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न तोकिएको कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी मनसायपत्र आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मनसायपत्र पेश गर्न चाहने व्यक्तिले तोकिए बमोजिमका विवरणहरु खुलाई सोही उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लिखित समयावधि भित्र सानिसा इकाई समक्ष मनसायपत्र पेश गर्नु पर्नेछ ।

**१८. संक्षिप्त सूची तयार गर्नेः** सानिसा इकाईले मनसायपत्र प्राप्त भएको मितिले तीस दिनभित्र तोकिएको आधारमा मनसायपत्र पेश गर्ने व्यक्तिहरु छनौट गरी सोको संक्षिप्त सूची तयार गर्नेछ ।

**१९. प्रस्ताव आव्हान गर्न सक्ने :** (१) सानिसा इकाईले दफा १८ बमोजिम संक्षिप्त सूची तयार गरेपछि सो सूचीमा परेका मनसायपत्र पेश गर्ने व्यक्तिबाट आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्न सक्नेछ ।

